# स्थानीय राजपत्र


बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड २ बुटवल, जेष्ठ १७ गते, २०७५ साल संख्या १**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

## भाग ३

### मर्मत संभार तथा विपत व्यवस्थापन कार्यबिधि (प्रथम संसोधन), २०७४

मर्मत संभार तथा विपत व्यवस्थापन कार्यबिधि, २०७४ माथि समय सापेक्ष देहाय वमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

१. कार्यबिधिको पृष्ठभूमि खण्डको पहिलो अनुच्छेदमा रहेको "**पहिलो**" भन्ने शव्द हटाउने र सोही अनुच्छेदमा रहेको "**आ.व.०७४/०७५ को**" भन्ने वाक्यांश हटाउने । सोही अनुच्छेदमा रहेको "**१०%**" को सट्टा "**१०% देखि १५%**" भन्ने वाक्यांश राख्ने । पृष्ठभूमि खण्डको दोस्रो अनुच्छेदको पहिलो हरफमा "**वडा स्तरीय**" पछाडि "**स-साना निर्माण,**" भन्ने वाक्यांश थप गर्ने ।

२. कार्यबिधिको दफा २ खण्ड "ज" देहाय वमोजिम थप गर्ने

**"ज" वडा स्तरीय स-साना निर्माण कार्य र कार्यक्रमहरु कोष खडा गरी समितिको निर्णय बाटै संचालन गर्न सहज हुने ।**

३. देहाय बमोजिम दफा २ क थप गर्ने

**२ क. कोषको व्यवस्थापन**

**१. प्रत्येक वडामा विपत व्यवस्थापन तथा मर्मत सम्भार कोष खडा गरिनेछ ।**

**२. कोषमा विनियोजन ऐन द्वारा अनुदानको रुपमा उपलब्ध हुने रकम र कानून बमोजिम विभिन्न संघ संस्थाद्वारा प्राप्त हुने रकम ।**

**३. यस कोषको रकम यसै कार्यविधिमा व्यवस्था भए बमोजिम खर्च गरिने छ ।**

४. दफा ३ मा देहाय वमोजिम खण्ड ड थप गर्ने ।

(ड) **“वडा समितिको निर्णयबाट तत्काल संचालन गर्नु पर्ने स-साना योजना तथा कार्यक्रमहरु र वडाले तत्काल आवश्यक ठानेका अन्य कार्यक्रमहरु”**

५. दफा ४ को मर्मतसंभार भन्ने वाक्यको अगाडि **“स-साना योजना तथा कार्यक्रम”** भन्ने वाक्यांश थप गर्ने।

६. दफा ४ (क) मा रहेको **“रु.२५०००।- अक्षेरुपी रु.पच्चिस हजार”** भन्ने वाक्यांशको सट्टा **“विनियोजन ऐनमा उल्लेखित रकममा”** भन्ने वाक्यांश थप गर्ने ।

७. दफा ४ ख को सट्टा देहाय बमोजिम गर्ने ।

**“स-साना मर्मत कार्य र तत्काल राहतकार्यको भुक्तानीका लागि नगर सभाबाट विनियोजित बजेट मर्मत सम्भार तथा विपत व्यवस्थापन कोष खातामा एकमुष्ट रुपमा अनुदानको रुपमा उपलब्ध गराइनेछ ।”**

८. दफा ४ घ को सट्टा देहाय बमोजिम गर्ने ।

**“निर्णय बमोजिमका कार्यहरुको रु.५० हजार भन्दा बढी रकमको हकमा प्राविधिकबाट ल.ई गरी वडा कार्यालयको प्रत्यक्ष रेखदेखमा सम्बन्धित उपभोक्ता / टोल विकास संस्था/ लाभग्राही समूहलाई निर्माण कार्यको जिम्मेवारी दिईनेछ । सो भन्दा कमका योजना तथा कार्यक्रमहरुको हकमा नियमानुसारको बिल बिजक, सम्बन्धित वडाको प्राविधिकको सिफारिस र वडा समितिको बैठकको निर्णय अनुसार खर्च भुक्तानी गर्न सकिनेछ ।”**

९. दफा ६ मा लेखा व्यबस्थापन तथा लेखा परीक्षण शीर्षकको सुरुमा **“कोषको”** भन्ने शव्द थप गर्ने ।

१०. दफा ६ ख को सट्टा हटाई देहाय वमोजिम गर्ने ।

**“कोषको खाता संचालन वडा समितिको निर्णय वमोजिम हुनेछ ।”**

११. दफा ६ को ग हटाइएको छ ।

आज्ञाले

प्रमाणीकरण मिति: २०७५/०२/१७

राजनकुमार बि.सी.

प्रमुख प्रशासकीय अधिकृत